## [गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितको स्वागत-भाषण]

ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:
मृत्योर्मा अमृतंगमय: ॐ शान्ति: शान्ति: शान्ति:

आदरणीय बालकृष्ण पोखरेलज्यू, आजका हाम्रा 'ब्यौलाद्वय', उपस्थित विद्वान् तथा विदुषीहरू,

२०६३ सालको शारदीय नवरात्रको यो मदन पुरस्कार समारोहमा म तपाईंहरू सबैलाई हार्दिक स्वागताभिनन्दन गर्दछु। वर्षेवर्ष यसैबखत हाम्रो भेटघाट हुनेगर्छ । त्यो चाँजो मिलाइदिने दुई आत्मालाई आज स्मरण गरिदिन म तपाईंहरूलाई आग्रह गर्दछु। जनरल मदन-शमशेरले आफू स्वर्गवासी भएर र रानी जगदम्बाले उहाँ अमर हुनुहुन्छ भनेर सम्झाउन यसप्रकार हामीहरूको भेट हुने व्यवस्था मिलाइदिनुभएको हो, आजभन्दा आधा शताब्दीअघि। ती दुई अमर आत्मालाई यस समारोहमा म सर्वप्रथम स्वागत-आह्वान गर्दछु ।

भैरव रिसालज्यू, एउटा संस्थाका थान्कामा पुगिसक्नुभएका तपाईंलाई हाम्रो यस समारोहमा यसरी, हाम्रो भाकामा एक जना 'ब्यौला' का रूपमा उपस्थित भएको देख्ता मलाई गौरव अनुभव भैरहेको छ। पत्रकारिताको क्षेत्रमा पचास वर्षदेखि लागिरहेका तपाईंले गरेको नेपाली भाषाको सेवा अतुलनीय नै रहेको छ। अझ विद्युतीय तरङ्गबाट नेपाल घन्काउने एफएम रेडियोहरूको स्थापना-प्रक्रियामा तपाईंहरूले जुन कार्य गर्नुभयो, त्यो दक्षिण एसियाभरिका लागि नै उदाहरणीय बन्नपुगेको छ। त्यस्ता तपाईंलाई स्वागत गर्न पाउनु हाम्रो सौभाग्य हो, हार्दिक स्वागत छ ।

कृष्ण धरावासीज्यू तपाईंले आफ्नो नामलाई सार्थक पार्नुभएको छ । आकाशमा उडेर होइन, तपाईं धर्तीमै टेकेर साहित्य-सृजना गरिरहनुभएको छ, त्यसै हुँदा तपाईंका कृतिमा माटाको सुवास आउँदछ। पुराणकी राधालाई समेत तपाईंले धराधामकी रैथाने बनाउन सफल हुनुभयो ! म तपाईंलाई बधाई ज्ञापन गर्दै स्वागत भन्दछु ।

आदरणीय पोखरेलज्यू, आजभन्दा ४१ वर्षअघि यही असोजका १६ दिन जाँदा यस्तै महोत्सवमा त्यहीं माथि ठूलो बैठकमा हाम्रा संस्थापिकाले अभ्यर्चना गर्दै तपाईंलाई मदन पुरस्कारले अलङ्कृत गर्नुभएको थियो। त्यस दिन वयोवृद्ध तपसीद्वय पद्मप्रसाद भट्टराई र कविकेशरी चित्तधर हृदयले तपाईंलाई ओल्काई रानी जगदम्बाछेउ लग्नुभएको दृश्य ऐले मेरा स्मृतिपटलमा आइरहेको छ। तपाईंलाई पनि यहाँ त्यस दिनको सम्झना भयो होला। आज हाम्रा अभ्यागतहरूका बीच विद्वद्प्रवचन गर्न त्यति टाढा विराटनगरदेखि पाल्नुभएकोमा तपाईं दम्पतिप्रति कृतज्ञतापूर्ण स्वागताभिनन्दन गर्दछु ।

उपस्थित विद्वद्जन, सधैं हाम्रो यस समारोहमा देखिनेभन्दा केही नयाँ मुहारहरूको दर्शन भैरहेछ मलाई आज। यहाँ भएका नयाँ युवापुस्ताका विद्वान् साहित्यिकहरूको उल्लेख्य उपस्थितिले आज मलाई उत्साहित पारेको छ। म तपाईंहरूलाई हार्दिक स्वागत निवेदन गर्दछु। नेपालभरि र नेपालवाहिरसमेत गरी हजार होइन, लाखको सङ्ख्यामा नेपाली कवि, लेखक र विद्वानहरू हुनुहुन्छ। हामी सबैलाई यो सानो ठाउँमा निम्त्याउन सक्तैनौं। हाम्रा असङ्ख्य साहित्यिकहरूका प्रतिनिधिस्वरूप केहीलाई मात्र हामीले यहाँ उपस्थित गराउन सकेका छौं। तर म तपाईंहरूभित्र सबै नेपाली कविलेखक, कलाकारको झझल्को पाइरहेको छु। सबैलाई स्वागत छ, सबैलाई अभिवादन छ ।

जय होस् !